छत्रकोट गाउँपालिका
**गाँउकार्यपालिकाको कार्यलय**
चोयगा,गुल्मी

प्रदेश नं.५,नेपाल

# हयूम पाईप खरिद कार्य सम्बन्धी सिलबन्दी दरभाउ आव्हान

प्रथम पटक प्रकासित मिति २०७६।०८।०१

यस छत्रकोट गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत छत्रकोट गाउँपालिकाका विभिन्न आयोजनाको लागि विभिन्न साईज तथा स्पेसिफिकेशनमा उल्लेख भए अनुसारका हयूम पाईप खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउन पर्ने भएकाले निम्न शर्तहरुको अधिनमा रही इजाजतपत्र प्राप्त कम्पनी,फर्म तथा सप्लायर्सहरुबाट शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी) बुझाई आ.व. २०७६/७७ को लागि नविकरण गरीएको इजाजत-पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण-पत्र, र आ.व. २०७५/७६ सम्म कर तिरेको प्रमाण-पत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न गरी कार्यालय समयमा शिलबन्दी दरभाउ खरिद गर्न सकिने छ ।

२. जमानत वापत तोकिएको रकम सेन्चुरी कमर्सियल बैंक लि. भेडुवा शाखामा रहेको कार्यालयको धरौटी खाता नं ११७००००००४GE मा जम्मा गरेको सक्कल भौचर वा "क"वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउ पत्र खोलिने दिनले कम्तीमा ७५ दिनको म्याद भएको दरभाउपत्र जमानत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म सिलबन्दी दरभाउपत्र यस कार्यालयमा मा दर्ता गर्नुपर्ने छ ।

३. सिलबन्दी दरभाउपत्रको खाम बाहिर फर्मको नाम ठेगाना, ठेक्का नं. र कामको विवरण लेख्नु पर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिन दिनको १:०० बजे सिलबन्दी दरभाउपत्र दाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाताको अनुपस्थितिले सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. सिलबन्दी दरभाउपत्रको सबै पानामा सहीछाप गरेको हुनु पर्नेछ । मुल्य अङ्कित परिमाण सूचिको दररेट महलको अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

५. सिलबन्दी दरभाउपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन क्रमशः सो कार्यहरु गरिने छ । म्याद भित्र दर्ता नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६. सिलबन्दी दरभाउपत्रका स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली ,२०६४ ,अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

८. यस वाहेक अन्य कुराहरु वुझ्न परेमा कार्यालय समय भित्र छत्रकोट गाँउकार्यपालिकाको कार्यलय चोयगा,गुल्मीमा सम्पर्क गर्न सकिनेछ वा कार्यलयको वेभसाईट www.chhatrakotmun.gov.np ,९८५७०६७९०८,९८५७०७२४९१ मा सम्पर्क गर्न सकिने छ ।

| सि.नं. | ठेक्का नम्बर | कामको बिबरण | सिलबन्दी दरभाउपत्र दस्तुर रू | जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | CRM/Gul/G/SQ/01/076-77 | हयूम.पाईप सप्लाई गर्न कार्य | १०००।- | २०,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**